annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १७१, पृष्ठ ८ | काठमाडौं, बुधबार १२ कात्तिक २०८२ | कार्तिक शुक्लपक्ष अष्टमी, नेपाल संवत् ११४६ | WEDNESDAY, OCTOBER 29, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

त्रिवि अतिक्रमण - शृंखला २

# त्रिविले दानमा पाएका जति जग्गा कब्जामा, स्वामित्वमा ल्याउन भएन प्रयास

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २

मुलुककै पुरानो र प्रतिष्ठित त्रिभुवन विश्वविद्यालयमा यतिसम्मको चरम लापरबाही भेटिएको छ कि, उसको नाममा कहाँ-कति जमिन छ ? कसले कति हडप्यो ? कहाँको जग्गा स्वामित्वमा ल्याउन बाँकी छ ? कुनै मतलव छैन । पूर्वसचिव शारदाप्रसाद त्रिताल समितिले पूर्वबडामहारानीहरूले ललितपुरको लुभु क्षेत्रमा त्रिविलाई दानमा दिएको ३ सय ७५ रोपनी नै गायब भएको जनाएको छ । त्यति मात्र होइन, विभिन्न समयमा विभिन्न दाताले दिएको अर्बौंका जग्गा जमिन हडपिएको र त्यस्ता जग्गा स्वामित्वमा ल्याउन विश्वविद्यालय प्रशासनबाट कुनै पहल नभएको पनि समितिको ठहर छ ।



त्रि.वि.को स्वामित्वमा आइ नसकेको तर आवश्यक प्रकिया पुरा गरी स्वामित्वमा ल्याउन सकिने जग्गा जमिनहरूको विवरण:

| सि.नं. | जग्गा जमिन भएको क्षेत्र | क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| १ | साविक कपन पञ्चायत वडा नं. ७ 'क' | २९-८-० (रोपनी) | विद्वत शिरोमणी हेमराज पाण्डेको स्मृतिमा छोरा केशरीराज पाण्डे र श्रीमती किरण कुमारीले त्रि.वि.लाई प्रदान गर्ने भनिएको। |
| २ | साविक लुभु पञ्चायत वडा नं. ९ 'क' समेत | ३७५-०-० (रोपनी) | श्री ५ जिजु मुमा बडामहारानी द्वयबाट त्रि.वि.लाई चन्दा स्वरूप वि.सं. २०१३ मा प्राप्त। |
| ३ | स्वयंम्भू क्षेत्र | २१-१-०-० (रोपनी) | प्राकृतिक विज्ञान संग्रहालयको प्रयोगमा रहेको |

## अमेरिका र जापानबीच २ नयाँ सम्झौतामा हस्ताक्षर



**वासिङ्टन डीसी** (एजेन्सी) : अमेरिका र जापानबीच दुई नयाँ सम्झौतामा हस्ताक्षर भएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र जापानी प्रधानमन्त्री सानेई ताकाइचीले दुई नयाँ सम्झौतामा हस्ताक्षर गरेका हुन्। एउटा सम्झौताले अमेरिका-जापान सम्बन्धको नयाँ 'स्वर्ण युग' को सुरुवातलाई संकेत गर्दछ भने अर्को सम्झौता महत्त्वपूर्ण खनिजहरूसँग सम्बन्धित छ।

पहिलो सम्झौताले दुई लामो समयदेखि रहेका सहयोगीहरूबीचको साझेदारीलाई अझ सुदृढ पार्नमा केन्द्रित छ भने दोस्रो महत्त्वपूर्ण खनिज सम्झौताले दुर्लभ पृथ्वीको आपूर्ति सुनिश्चित गर्न रूपरेखा प्रदान गर्दछ। दस्तावेजमा हस्ताक्षर गरेपछि राष्ट्रपति ट्रम्पले जापानलाई संयुक्त राज्य अमेरिकाको बलियो सहयोगीको रूपमा प्रशंसा गरे। उनले देशको पहिलो महिला प्रधानमन्त्री ताकाचीको पनि प्रशंसा गरेका थिए।

## हिमालमा हिमपात, तराई र पहाडमा बाढीको जोखिम



**शिव उप्रेती** | *गोरखा*
**बिस्नप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*
**निराजन सिर्पाली** | *रुकुमपूर्व*

उत्तरी गोरखा र सगरमाथा क्षेत्रमा उच्च हिमपात भएको छ। वर्षासँगै देशका विभिन्न स्थानमा चिसो पनि बढेको छ। कृषि विशेषज्ञहरूले हिमपात र वर्षाका कारण हिउँदे बालीलाई फाइदा पुऱ्याउने जनाएका छन्। यद्यपि किसान भने धान भित्र्याउने बेला भएको वर्षाबाट चिन्तित छन्।

जल तथा मौसम विज्ञान विभागले कात्तिक १३ गतेदेखि १५ गतेसम्म देशका विभिन्न स्थानमा बाढीको उच्च जोखिम रहेको जनाएको छ। विभागले मंगलबार एक विज्ञप्ति जारी गर्दै तीन दिन बाढीको जोखिम रहने हुँदा सतर्कता अपनाउन आग्रह गरेको छ।

» बाँकी पृष्ठ ६

## जेन–जी आन्दोलनमा २३ अर्ब बढीको बिमा दाबी

**ममता थापा** | *काठमाडौं*

काठमाडौं। गत भदौ २३ र २४ गते जेन-जी आन्दोलनका क्रममा भएको धनजनको क्षतिबापत २३ अर्ब २३ करोड ३७ लाख रुपैयाँको बिमा दाबी गरिएको छ। अर्थात् ३ हजार १ सय ८७ को संख्यामा बिमा कम्पनीमा दाबी परेको छ। कात्तिक ९ गतेसम्म २३ अर्ब २३ करोड ३७ लाख रुपैयाँ बराबरको बिमा दाबी परेको नेपाल बिमा प्राधिकरणले जानकारी दिएको छ। उक्त दाबी रकम र यसअघिको अग्रिम भुक्तानीसमेत गरेर बिमा कम्पनीहरूले कात्तिक ९ गतेसम्म २ अर्ब ७९ करोड ७४ लाख रुपैयाँ बराबर मात्रै भुक्तानी गरेका छन्। यो कुल दाबी रकमको १२ प्रतिशत मात्रै हो। १४ निर्जीवन बिमा कम्पनी र ४ निर्जीवन लघुबिमा कम्पनीबाट उक्त रकम भुक्तानी भएको हो।

सुरुको दाबी संख्या र रकमको तुलनामा अहिले यसको आकार थप बढ्दै गएको छ। क्षतिको विवरण थपिएकाले दाबी रकम पनि बढेको हो। गत भदौ २३ र २४ गतेसम्म उत्पन्न असहज परिस्थितिहरूका कारण सिर्जना भएको बिमा दाबीको प्रारम्भिक विवरण १ हजार ९ सय ८४ पुगेको थियो। गत भदौ ३१ गतेसम्मको प्रारम्भिक तथ्यांकअनुसार जेन जी आन्दोलनबाट उक्त संख्यामा परेको क्षति रकम २० अर्ब ७० करोड ३८ लाख १४ हजार ४८२ रुपैयाँ बराबर रहेका थियो।




**बिमा दाबीको ठूलो हिस्सा बागमती प्रदेशको र कम कर्णाली प्रदेशको**

मुलुकभर जेन-जी आन्दोलनबाट निजी सम्पत्तिदेखि सार्वजनिक सम्पत्तिमा ठूलो क्षति भयो। तर, सरकारले सार्वजनिक सम्पत्तिको अहिलेसम्म बिमा नै नगरेकाले यसको सुरक्षण छैन। तर, मोटरगाडीको अनिवार्य तेस्रोपक्ष बिमा हुने भएकाले यो क्षेत्रको सबै बिमा कभर भयो।

» बाँकी पृष्ठ ६

